नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ५५३४११९, ५५११५३७, ५५१९५०१
फ्याक्स (९७७-१)-५५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३
च. नं. :- २९६

मितिः २०८२/०६/२९

श्री प्रभु स्टीलस एण्ड हाइड्रो इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः ०१५९१३७२८, ५९१३७२९

**विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित मध्य इन्द्रावती खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम निम्न विवरणहरू पन्ध्र (१५) दिनको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/०६/२८ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

- प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत नभएकोले दुवै पक्षको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको Desk Study Report,
- आयोजनाको प्रमुख संरचना नक्शांकन नभएकोले प्रमुख संरचना एवं अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप (टोपो) नक्शा,
- Cumulative Net Worth मात्र प्राप्त भएको तर प्रवर्द्धक कम्पनीको नेट वर्थ नभएकोले विभागबाट तोकिएको ढांचामा **प्रवर्द्धक कम्पनीको** UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
- परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि,
- परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्रको सक्कल वा नोटराइज प्रतिलिपि (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

(सुजन निरौला)
इन्जिनियर